ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ७, अंक २२
७ असोज २०८० आइतबार
24 Sep. 2023 Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## देशभर २२ जनप्रतिनिधि रिक्त, वैशाखमा उपनिर्वाचनको तयारी



**खबर दर्पण समाचारदाता**
**असोज ७ गते, महेन्द्रनगर**
देशभर २२ जनप्रतिनिधि रिक्त रहेको पाइएको छ । निर्वाचन आयोगका अनुसार एक/एक प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको पद रिक्त छ ।

संविधान सभाका अध्यक्ष सुवास नेवाङको निधन भएपछि प्रतिनिधि सभा इलाम क्षेत्र नम्बर १ रिक्त भएको छ । ४ मंसिर २०७९ मा भएको निर्वाचनमा इलाम १ बाट नेम्वाङ निर्वाचित भएका थिए ।

सुदूरपश्चिम प्रदेश सभा बझाङ निर्वाचन क्षेत्र नम्बर १ मा उपनिर्वाचन गर्नुपर्ने छ । ४ मंसिर २०७९ मा भएको चुनावमा यस क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य पृथ्वीबहादुर सिंहको निधनपछि उक्त पद रिक्त भएको हो ।

आयोगका प्रवक्ता शालिग्राम पौडेलका अनुसार जिल्ला समन्वय समितिको प्रमुख कैलालीका लागि उपनिर्वाचन गर्नुपर्ने छ । समिति प्रमुख जितेका पदमबहादुर कलेलको निधन भएपछि पद रिक्त भएको हो । बाँकी रिक्त रहेका १९ पद स्थानीय सरकारका जनप्रतिनिधि हुन् ।

दैलेखको महाबु गाउँपालिका अध्यक्ष, गौरीशंकर गाउँपालिका उपाध्यक्षको उपनिर्वाचन गर्नुपर्ने छ । गत निर्वाचनमा कांग्रेसबाट निर्वाचित महाबु गाउँपालिकाका अध्यक्ष लक्ष्मन गुरुङ र दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा श्यामसुन्दर तामाङको निधन भएपछि पद रिक्त भएको हो ।

बाँकी १७ जना वडाअध्यक्षहरुको पद रिक्त छ । गढी गाउँपालिका ६ का वडाध्यक्ष, त्रियुगा नगरपालिका-१२ का वडाध्यक्ष, इशानाथ नगर पालिका ७ का वडाध्यक्ष, राजपुर नगरपालिका-६ का वडाध्यक्ष, कीर्तिपुर नगरपालिका ४ का वडाध्यक्ष, ककनी गाउँपालिका-२ का वडाध्यक्षको उपनिर्वाचन गर्नुपर्ने छ ।

हेटौंडा उपमहानगरपालिका-१२ का वडाध्यक्ष, गोरखा नगरपालिका-५ का वडाध्यक्ष, मुसिकोट गाउँपालिका-१ का वडाध्यक्ष, घिमिरे रुन्टीगढी गाउँपालिका-४ का वडाध्यक्ष, ठाकुरबाबा नगर पालिका-४ का वडाध्यक्ष उपनिर्वाचन गर्नुपर्ने छ ।

तिलागुफा नगरपालिका-४ का वडाध्यक्ष, कुशे गाउँपालिका-७ का वडाध्यक्ष, दुहुँ गाउँपालिका-५ का वडाध्यक्ष, सुर्मा गाउँपालिका-४ का वडाध्यक्ष, पूर्वाचौकी गाउँपालिका-६ का वडाध्यक्ष र काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्षका लागि उपनिर्वाचन गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन आयोगका अधिकारीहरुका अनुसार उपनिर्वाचनको विषयमा सरकारसँग संवाद चलिरहेको छ । यसअघि निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियासहितको आयोगको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर आगामी मंसिरमा चुनाव गर्ने प्रस्ताव गरेको थियो ।

तर, सरकारले राष्ट्रिय सभा सदस्यको निर्वाचन पछाडि मात्रै उपनिर्वाचन गर्नु उपयुक्त हुने बताएकाले वैशाखका लागि तयारी अगाडि बढेको आयोगका अधिकारीहरु बताउँछन् ।

राष्ट्रियसभा सदस्यको एक तिहाइ सदस्य (२१ जना सांसद) को कार्यकाल आगामी फागुन २० गते सकिँदैछ । त्यसको एक महिना अगाडि नै रिक्त हुने स्थानका लागि निर्वाचन हुनेछ ।

## शिक्षक सरूवा विषयलाई लिएर भएको आन्दोलनमा पक्राउ परेको सातजना जेल चलान



**खबर दर्पण समाचारदाता**
**असोज ७ गते, महोत्तरी**
सोनमा गाउँपालिकामा शिक्षक सरूवा विषयलाई लिएर भएको आन्दोलनमा पक्राउ परेको सातजना पूर्पक्षका लागि जेल चलान भएका छन् ।

पक्राउ गरेका मध्ये महोत्तरी जिल्ला अदालतले ६ जनालाई पुर्पक्षमा र ाखी मुद्दा चलाउने र १ जनालाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो । अदालत एकजनालाई धरौटीमा छाड्न आदेश गरेपनि धरौटी रकम बुझाउन नसक्दा पूर्पक्षका लागि जेल चलान भएको जनाइएको छ ।

महोत्तरी जिल्ला अदालतका न्यायाधीश पुर्व ढकालको इजलासले सोनमा गाउँपालिका-१ बस्ने उपेन्द्र कुमार साह सुडी, रकेश कुमार महरा, नजामुदिन अन्सारी, महेश कुमार यादव, रामकेवल यादव र सोही गाउँपालिका वडा नम्बर २ बस्ने ललिन्द्र यादवलाई पुर्पक्षमा राखी मुद्दा चलाउन आदेश गरेको महोत्तरी जिल्ला अदालतका सूचना अधिकारी महेन्द्र झाले जानकारी दिए ।

सूचना अधिकार झाले दिएको जानकारी अनुसार सोही मुद्दामा र ामप्रसाद पासमानलाई १ लाख ५० हजार धरौटी राखी छाड्ने आदेश भएपनि धरौटी रकम जम्मा गर्न नसक्दा पासमानलाई पनि जेल पठाइएको बताए ।

यता, सोही मुद्दामा पूर्व गाउँपालिका अध्यक्ष राजकुमार यादव, वडा नम्बर १ का वडाध्यक्ष अशोक यादव र सोही वडाका शैलेन्द्र यादव फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । फरार

## बटेश्वरमा खोलामा जमेको पानीमा डुबेर एक बालकको मृत्यु

**खबर दर्पण समाचारदाता**
**असोज ७ गते, महेन्द्रनगर**
धनुषाको बटेश्वरमा एक ११ वर्षीय बालकको खोलामा जमेको पानीमा डुबेर मृत्यु भएको छ।


बटेश्वर गाउँपालिका १ धुमानका विनोद महतोको ११ वर्षीय छोरा धिरज कुमार महतो खोलामा र हेको खाल्डोको पानीमा डुबेर मृत्यु भएको हो।

शनिवार बटेश्वर गाउँपालिका बिग्ही खोलामा गरिएको उत्खननबाट बनेको खाल्डोमा जमेको पानीमा नुहाउन गएका बालकको डुबेर मृत्यु भएको हो । दिउँसो केही केटाकेटीहरु खेल्दै खोलामा नुहाउन पुगेको र धिरज चिप्लिएर खाल्डोमा रहेको गहिरो भाग तिर पुग्दा डुब्न पुगेको संगै रहेका केटाकेटीहरुले बताए । लामो समयसम्म धिरज पानी भित्रबाट बाहिर नआएपछि संगै गएका दुई बालकले स्थानीयलाई गुहारे ।

स्थानीयहरु आएर पानी भित्रबाट खोजेर धिरजलाई निकालेर उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पुर्याएका थिए । तर त्यहाँ चिकित्सकले बालकलाई मृत घोषणा गरे ।

दुधमती मिडिया प्रा.ली. द्वारा संचालित
(अपन संस्कृति अपन पहिचान)
दुधमती एफ.एम. १०४ मेगाहर्ज
क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा
दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८

ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा
- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।
संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

## सम्पादकीय

### प्रस्तुत शिक्षा विधेयक शिक्षकको हितमा हुनुपर्छ

गएको भदौ २७ गते सरकारले प्रतिनिधि सभामा शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० दर्ता गरायो। नेपालको शिक्षा ५२ वर्षअघिको ऐनद्वारा सञ्चालन हुँदै आएको थियो। जसमा २०७२ सालमा नवौँपटक संशोधन गरिएको थियो। यो संशोधन गरिएको पनि आठ वर्ष पूरा भएको छ। यस्तो अवस्थामा समयानुकूल शिक्षा ऐन जरुरी थियो। त्यसैले यस्तो विधेयक अघि बढाइनु आवश्यक पनि थियो। तर विडम्बना, ऐन बन्नु त कता हो कता, विधेयक मस्यौदा हुँदादेखि नै यसले बबण्डर मच्चाइरहेको छ। र, यतिबेला त यही विधेयकका कारण देशभरका शिक्षक पाठशालामा ताला लगाएर राजधानी गुडुल्किएका छन्, आन्दोलन गर्न।

सामुदायिक विद्यालय (सरकारी) का शिक्षक/कर्मचारीले यो विधेयकप्रति १८ बुँदे असहमति सार्वजनिक गरेका छन्। जसमध्ये आफूहरूलाई पालिकाअन्तर्गत राखिएकामा उनीहरूको सबैभन्दा ठूलो आपत्ति देखिएको छ। सरुवा, बढुवा, मूल्याङ्कन, अनुगमन जस्ता विषय पालिका नेतृत्वलाई दिइएकोलाई उनीहरूले सम्मानित पेसाप्रति नै अपमान ठानेका छन्। राहत शिक्षकलाई स्वत: स्थायी गर्नुपर्ने उनीहरूको अर्को पेचिलो माग छ भने शिक्षकलाई पनि निजामतीसरह व्यवहारलाई पनि दरिलैरूपमा उठाएका छन्।विधेयकले निजी विद्यालय सञ्चालकहरूको पनि 'निद हराम' गराएको थियो। निजी लगानीमा सञ्चालित विद्यालयहरू गुठीमा जानैपर्ने प्रावधान उनीहरूको ठूलो टाउको दुखाइ बनेको थियो। तर निजी विद्यालय सञ्चालकहरूको राज्यका सम्पूर्ण संयन्त्रमा दरिलो पहुँच भएका कारण उनीहरू प्रतिनिधि सभामा दर्ता हुनुअघि नै यो प्रावधान हटाउन सफल भए। तर पनि निजी विद्यालयको शुल्क र शिक्षकको तलब स्थानीय तहले तोकेबमोजिम हुने जस्ता प्रावधानविरुद्ध उनीहरू पनि यो विधेयकको पक्षमा देखिएका छैनन्। अर्कोतर्फ यस्तो अधिकार पाएको स्थानीय सरकार पनि विधेयकप्रति खुसी देखिएको छैन। गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल र नेपाल नगरपालिका सङ्घले असोज २ गते निकालेका संयुक्त विज्ञप्तिमा यो विधेयकमा रहेका प्रावधान सङ्घीय प्रणालीलाई नै चुनौती दिने र स्थानीय सरकारको एकल अधिकारमा हस्तक्षेप हुनेगरी ल्याइएको दाबी छ। आधारभूत र माध्यमिक शिक्षा एकल अधिकारका रूपमा रहेकाले विद्यालय शिक्षा ऐन बनाउने अधिकार नै स्थानीय निकायमा निहीत भएको दाबी गर्दै सङ्घीय तहले प्रस्तुत विधेयक सङ्घीय संसद्मा दर्ता गर्नु नै संविधानको बर्खिलाप भएको उनीहरूको दाबी छ।

# विकासका लागि आत्मनिर्भर अर्थतन्त्र

गायत्री लम्साल

कुनै पनि मुलुकको आर्थिक अवस्थाको सबलीकरण हुनु समग्र विकासको आधार स्तम्भ हो। नेपाल क्षेत्रफलको हिसाबले सानो भइकन, भौगोलिक विविधताले भरिपूर्ण छ। यहाँ थोरै मेहनत गर्दा धेरै विकासका ढोका खोल्न सकिन्छ। जताततै सम्भावना बाटो नपाएर रोइरहेका छन्। मुलुकको विकास गर्न आज हामीले आत्मनिर्भर अर्थतन्त्रमा जोड दिनु पर्छ।

कृषिप्रधान देश आयातित खाद्यान्नमा नै रमाउनुपर्ने बाध्यता छ। नेपाली मुद्राको निरन्तर अवमूल्यन, बढ्दो उपभोग्य आयातित संस्कृति, लगानीमैत्री वातावरणको अभाव, राजनीतिक अस्थिरता, व्यावसायिक शिक्षाको कमी, देशका लागि केही त गरौं भन्ने दृढ इच्छाशक्तिको अभाव जस्ता विषय आत्मनिर्भर अर्थतन्त्रका चुनौतीको रूपमा रहेको छ।

सङ्घीयताको सबलीकरणका लागि आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु पहिलो सर्त हो। यसका लागि प्रचुर मात्रामा सम्भावना भएका क्षेत्रको खोजी गरी सोको उचित विकास गर्नु जरुरी छ। वर्तमान अवस्थामा बढी सम्भावना भएका क्षेत्र ऊर्जा, पर्यटन, कृषि, उद्योगलगायत क्षेत्र हुन्। सिङ्गो मुलुकको ठुलो ढुकुटी पेट्रोलियम पदार्थको आयातमा बाहिरिएको छ। यसका लागि विद्युतीय सवारीसाधन प्रयोगमा जोड दिनु जरुरी हुन्छ। राज्यले स्वदेशमा उत्पादित बिजुलीको बढीभन्दा बढी खपत गर्ने/गराउने पद्धतिको विकास गर्नु पर्छ। निश्चित समयको लागि इन्डक्सन चुलोलगायत अन्य विद्युत् खपत बढी गर्ने सामानमा सहुलियतको मापदण्ड निर्धारण गर्नु पर्छ।

पर्यटन उद्योगलाई देशको प्रमुख आर्थिक मेरुदण्डको रूपमा लिन सकिन्छ। राज्यले पर्यटन पूर्वाधार विकासमा ध्यान दिनु आवश्यक छ। वार्षिक बजेटमा पर्यटन पूर्वाधार विकासका लागि आवश्यक बजेटको व्यवस्था हुनु पर्छ। कम्तीमा वार्षिक रूपमा ५० लाख पर्यटक धान्ने पूर्वाधार निर्माण गर्नु पर्दछ। सडक सुरक्षा, हवाई सुरक्षामा ध्यान दिँदै पर्यटन विविधीकरणमा जोड दिनु पर्छ। हाम्रा मौलिक संस्कृति, वेषभुषा, खानालगायतको जगेर्ना गर्नु पर्छ।

औद्योगिक क्षेत्रको विकास बिना आत्मनिर्भर अर्थतन्त्र निर्माण असम्भव छ। रोजगारी सिर्जना गर्ने र आयातलाई निरुत्साहित गर्न उद्योग क्षेत्रको विकास अपरिहार्य हुन्छ। ठुला-ठुला उद्योगधन्दा तथा कलकारखाना खोल्नु पर्छ। आयात गरिने वस्तुले पुँजी निर्माण तथा उत्पादन बढाउने हुनु पर्छ। समग्र मुलुकले उपयुक्त आर्थिक नीतिको अवलम्बन गरी देशको नीति उपभोग्य वस्तुको उत्पादन बढाउने र आयात घटाउने हुनु पर्छ। स्वदेशी उत्पादनलाई थप अनुदानको व्यवस्था गरेर आत्मनिर्भर अर्थतन्त्रको जग खडा गर्नु जरुरी छ।

आर्थिक कूटनीतिमा सबलीकरण गर्दै, लगानीमैत्री वातावरणको सिर्जना गर्नु/गराउनु सरोकारवाला सबैको साझा दायित्व हो। हस्तकला, घरेलु तथा कुटीर उद्योगको विकास र विस्तार गरी जगेर्ना गर्दै यसको उचित व्यवस्थापन हुनु पर्छ। स्वदेशी उत्पादनमा वृद्धि गर्दै आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ, वञ्चितीकरणबाट समावेशितातर्फ प्रस्थान गर्नु आजको आवश्यकता हो। उद्योगलाई चाहिने कच्चापदार्थमा छुट, बिजुली उपयोगमा छुटको व्यवस्था राज्यले दिनु पर्छ। उत्पादनमा आधारित अर्थतन्त्र निर्माण गर्न समग्र राष्ट्रिय महाअभियानको खाँचो छ अहिले।

कृषिप्रधान देश कृषिक्षेत्रको विकास र विस्तारबिना आत्मनिर्भर अर्थतन्त्रको निर्माण हुन सक्दैन। हामीसँग जमिन छ, श्रमशक्ति छ, हावापानी सुँहाउदो छ। आवश्यकता अनुसार जग्गाको वर्गीकरण गर्दै कृषियोग्य भूमिको कर मिनाहा, बिउबिजनमा अनुदान, उत्पादनको बजार ग्यारेन्टी, कृषिजन्य वस्तुको आयातमा कडाइलगायत विषयमा राज्यले विशेष ध्यान दिनु पर्छ। वास्तविक किसानलाई तालिम, बिउ, मलको व्यवस्था गर्दै उत्पादित कृषि उपजको बजार सुनिश्चित गरिनु पर्छ।

कृषिको व्यवस्थित व्यवसायीकरण गर्दै किसानलाई पेन्सनको व्यवस्था गर्न सकियो भने खाद्यान्न आयातमा कमी भई कृषि उपजमा आत्मनिर्भर हुन सकिन्छ। ग्रामीण अर्थतन्त्रको विकासका लागि कृषि र उद्यमशीलता वृद्धि गर्ने सबै श्रमयोग्य युवालाई तालिम र भेन्चर क्यापिटलमार्फत बिउ पुँजी उपलब्ध गराउने व्यवस्थाको खाँचो छ। जसले गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउँछ, बेरोजगारलाई व्यावसायिक र सिपमूलक तालिम दिएर सक्षम बनाउने, सहुलियतपूर्ण कर्जा दिँदा उनीहरूमा रोजगारको अवस्था सिर्जना हुन्छ, जसले हरेक व्यक्तिलाई आत्मनिर्भर हुने अवस्था सिर्जना गर्छ।

समग्र मुलुकको कुरा गर्दा सबै क्षेत्रमा हामी आत्मनिर्भर हुन सक्दैनौं। त्यसैले खासखास क्षेत्र छनोट गरेर ती क्षेत्रमा ध्यान केन्द्रित गरी आत्मनिर्भर हुने बाटोमा लाग्नु पर्छ। समग्र शिक्षा प्रणालीमा सुधार गरी प्राविधिक, व्यावसायिक, प्रयोगात्मक बनाउँदै अन्य मुलुकमा जस्तो, "पढ्दै कमाउँदै" गर्न सक्ने अवस्था निर्माण गर्नु पर्छ।

जब संस्था र संरचना बलिया हुँदैनन् राज्य र राष्ट्र बलियो हुँदैन। यसका लागि राजस्व प्रणालीलाई पुनर्संरचना, हाम्रो खर्च प्रणालीमा सुधार, हाम्रा संस्थालाई सुदृढ बनाउनु जरुरी छ। हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन कार्यक्षमता, कार्यदक्षता, समग्र राज्य संयन्त्रको कार्य क्षमतालाई वृद्धि गर्ने, नागरिकको स्रोत साधन र त्यो साधनलाई सञ्चालन गर्ने, बजेट खर्च गर्ने प्रणालीमा परिमार्जनको खाँचो छ। सार्वजनिक खरिद ऐन सहज हुनु पर्दछ। प्राविधिक जनशक्तिलाई उचित व्यवस्थापन गर्नु पर्दछ। भन्सार व्यवस्थापनमा ध्यान दिनु पर्छ। समग्र मुलुकमा उपलब्ध भएको पुँजीको परिचालन र खर्चमा जोड दिनु पर्छ।

आत्मनिर्भर अर्थतन्त्रका लागि आयातलाई घटाउँदै निर्यात बढाउनु पर्छ। देशभित्र वस्तुका सेवाको उत्पादनमा लगानी बढाउने गर्नु पर्छ। हाल देशमा व्यापारले औद्योगिक लगानीलाई विस्थापित गरेको छ। आयातित वस्तुको व्यापारले देशभित्रको लगानीलाई दुरुत्साहित गरेको छ। समग्र मुलुकको अवस्था अनुसार मौद्रिक नीति, विनिमय नीति, वित्तीय नीति आदिको गहन रूपमा विश्लेषण गरी उचित तालमेल मिलाउन जरुरी हुन्छ।

पूर्व चिनियाँ राष्ट्रपति देङ सियायो पिङको भनाइ छ-"बिरालो कालो होस् या सेतो, उसको काम मुसा मार्नु हो।" कुरा के भने वादमाथिको वाद र प्रतिवादले गरिबका लागि गाँस, बास र कपासको समस्या समाधान गर्नै सक्दैन। अहिलेको हाम्रो आवश्यकता भनेको सिङ्गापुरका पूर्वप्रधानमन्त्री लीले लिएको नीति "राजनीतिक स्थायित्व, खुला आर्थिक नीति र कडा अनुशासन" हो। लामो समय सत्तामा बस्दा लीले लिएको सिद्धान्त एउटै थियो, त्यो हो -"मानिसलाई टन्न खान देउ ताकि विद्रोह नगरुन्"।

आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि राजनीतिक स्थायित्व र लगानीमैत्री वातावरण प्रमुख तत्व हो। सरकारले गर्नुपर्ने भनेको खुला अर्थनीति र कडा अनुशासन नै हो। आफूसँग भएका स्रोत साधनलाई अधिकतम उपयोग गरौँ। यसले रोजगारी सिर्जना गर्छ। जब हरेक व्यक्ति रोजगारको माध्यमबाट आत्मनिर्भर हुन थाल्छन् तब मुलुकको सिङ्गो अर्थतन्त्रलाई समेत दिगो, मजबुत र आत्मनिर्भर बनाउँछ। *गोरखापत्रबाट*

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# परीक्षामा फेल भएका यी १५ जना बने जिल्ला न्यायाधीश

न्याय सेवा आयोग
जिल्ला न्यायाधीश पदको दरखास्त फारम मूल दर्ता किताब

माग पद संख्या: २९

विज्ञापन प्रकाशन मिति: २०८०।०२।२६

विज्ञापन नम्बर:
०००१/०७९-८० - १५(आन्तरिक खुला)
०००२/०७९-८० - ७ (खुला)
०००३/०७९-८० - २ (महिला)
०००४/०७९-८० - २ (आ.ज.)
०००५/०७९-८० - २ (मधेसी)
०००६/०७९-८० - १ (दलित)

दरखास्तको अन्तिम मिति: २०८०।०३।२४ दोब्बर दस्तुरको अन्तिम मिति: २०८०।०३।३१

| क्र.सं. | उम्मेदवारको नाम | बाबुको नाम | बाजेको नाम | आन्तरिक खुला | खुला | समावेशी समूह | | | | रोल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ.ज | मधेशी | दलित | | |
| १ | एक नारायण अर्याल | गिरिधारी अर्याल | हरिलाल अर्याल | | ✓ | | | | | ०००१ | |
| २ | मोहन प्रसाद बेल्बासे | उमानन्द बेल्बासे | प्रेमनारायण बेल्बासे | ✓ | ✓ | | | | | ०००२ | |
| ३ | महिमन सिंह विष्ट | जगतसिंह विष्ट | अमरसिंह विष्ट | | ✓ | | | | | ०००३ | |
| ४ | नवराज कार्की | चन्द्रबहादुर कार्की | कमानध्वज कार्की | ✓ | ✓ | | | | | ०००४ | |
| ५ | कृष्ण प्रसाद अधिकारी | प्रबाखर अधिकारी | तुलसीराम अधिकारी | ✓ | | | | | | ०००५ | |
| ६ | ध्रुवबहादुर कुवँर | हर्कबहादुर कुवँर | रणबहादुर कुवँर | ✓ | | | | | | ०००६ | |
| ७ | सीताराम अर्याल | बालकृष्ण अर्याल | मेघनाथ अर्याल | ✓ | ✓ | | | | | ०००७ | |
| ८ | टीकाभुषण घिमिरे | खगेन्द्र शर्मा घिमिरे | मनोरथ घिमिरे | ✓ | ✓ | | | | | ०००८ | |
| ९ | पुष्पराज पाण्डेय | लक्ष्मीदत्त पाण्डेय | धर्मदेव पाण्डेय | ✓ | ✓ | | | | | ०००९ | |
| १० | भेषराज पौडेल | छबिलाल पौडेल | पशुपति पाध्या | | ✓ | | | | | ००१० | |
| ११ | मनोज नेपाल | माधव प्रसाद नेपाल | टुकाराम नेपाल | | ✓ | | | | | ००११ | |
| १२ | लेखनाथ अधिकारी | टोपनाथ अधिकारी | भुमिलाल अधिकारी | | ✓ | | | | | ००१२ | |
| १३ | राजेश कुमार थापा | केशरबहादुर थापा | मानबहादुर थापा | ✓ | ✓ | | | | | ००१३ | |
| १४ | कृष्णा भण्डारी | शंकर प्रसाद भण्डारी | हरिप्रसाद भण्डारी | ✓ | ✓ | ✓ | | | | ००१४ | |
| १५ | सुशील कुमार यादव | राम बशिष्ठ राय यादव | चौधरी नेमधारी राय यादव | ✓ | ✓ | | | ✓ | | ००१५ | |

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, काठमाडौं**

जिल्ला न्यायाधीशको लागि लिइएको परीक्षामा अनुत्तीर्ण भएका १५ जनालाई न्यायपरिषद्ले जिल्ला न्यायाधीशमा सिफारिस गरेको छ। न्यायपरिषदको असोज २ गते बसेको बैठकले ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्यांकनको आधारमा ७ जना न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको छ।

यस्तै आन्तरिक र खुला प्रतियोगिताबाट २९ जना न्यायाधीश नियुक्तिका लागि परीक्षा लिइएको थियो। तर परीक्षामा एक जनाबाहेक सबै फेल भए। जिल्ला न्यायाधीशको परीक्षाका लागि २५४ जनाले परीक्षा फारम भरेका थिए। तीमध्ये २११ जना पूरै प्रक्रियामा सामेल भएको न्याय परिषद्ले जनाएको छ।

तर अन्तिम नतिजा प्रकाशन हुँदा भने एक जना मात्रै उत्तीर्ण भएका थिए। सर्वोच्च अदालतका इजलास अधिकृत पारसमणि पोखरेल मात्रै उत्तीर्ण भएका हुन्। उनलाई न्यायपरिषदले मोरङ जिल्ला न्यायाधीशमा सिफारिस गरेको छ। तर आन्तरिक खुला र खुला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेपछि बाँकी २८ जना न्यायाधीश न्यायपरिषदकै सिफारिसमा नियुक्त हुने भएका छन्।

न्यायपरिषद्ले जिल्ला न्यायाधीशका लागि सर्वोच्च अदालतकै इजलास अधिकृत हिरण्यप्रसाद भण्डारी, लोकबहादुर हमाल, कौशलेश्वर ज्ञवाली, उदवीर नेपाली र नगेन्द्रकुमार कालाखेतीलाई पनि सिफारिस गरेको छ। उनीहरु यसअघि जिल्ला न्यायाधीशको परीक्षामा अनुत्तीर्ण भएका थिए।

यस्तै अनुत्तीर्ण भएकै महेश खनाल, नगेन्द्रकेशरी पोखरेल, जुद्धबहादुर आलेमगर, नेत्रप्रसाद भुसाल, कुमार मास्के, रामाकान्त यादव, नीलकण्ठ बराल, प्रदीपकुमार उपाध्याय, शिवकुमार पोखरेल र दीपेन्द्र थापा मगर पनि जिल्ला न्यायाधीशमा सिफारिस भएका छन्।

उनीहरुलाई नियुक्त गर्न सिफारिस गर्दै पदस्थापनका लागि अदालत समेत तोकिएको छ। यी बाहेक परीक्षामा सामेल नभएका अरु १३ जना कर्मचारीलाई न्यायाधीशमा सिफारिस गरिएको छ।

न्यायाधीशमा सिफारिस हुनेमा सञ्जीव पोखरेल, इन्द्रबहादुर कठायत, शम्भुप्रसाद बराल, रुद्रमणि गिरी, दुर्गाप्रसाद खनाल, उपेन्द्रकेशर खनाल, रेशराज शर्मा, आनन्दराज पन्त, यदुराज शर्मा, मोना सिंह, रामप्रसाद पौडेल, श्यामप्रसाद श्रेष्ठ, र उषा श्रेष्ठ रहेका छन्।

संविधानको धारा १४९ (२) को खण्ड (ख) र (ग) बमोजिम कुल रिक्त पदमध्ये ४० प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्ये खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने व्यवस्था छ।

रिक्त दरबन्दीको ८० प्रतिशत पदपूर्ति खुला प्रतिस्पर्धाबाट हुने संविधानमा व्यवस्था छ।

आयोगले यसटकको विज्ञापनमा आन्तरिक खुलामा १५, खुलामा ७, महिला २, आदिवासी जनजाति २, मधेसी २ र दलितबाट १ गरी २९ जनाको पदपूर्तिको लागि प्रक्रिया अगाडि बढाएको थियो। परीक्षा १६ गतेदेखि २० गतेसम्म सञ्चालन भएको थियो।

तर परीक्षाबाट पदपूर्ति हुन नसकेपछि न्यायपरिषदको छानोटमा न्यायाधीश सिफारिस भएका हुन्।

यसबाहेक ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्यांकनको आधारमा वशिष्टकुमार घिमिरे, योगराज ढकाल, शम्भु गौतम, राजेन्द्रसिंह भण्डारी, रामचन्द्र शर्मा, ज्ञानेन्द्र इटेनी र कृतबहादुर बोहरा न्यायाधीश नियुक्तिका लागि सिफारिस भएका छन्।

# मधेस विश्वविद्यालयमा कानुन सङ्कायको पठनपाठन हुने




**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, पर्सा**

मधेस विश्वविद्यालयले आगामी मङ्सिर ४ गतेदेखि कानुन सङ्कायको पठनपाठन सुरु गर्ने भएको छ। स्थापना भएको पहिलो एक वर्षमै पठनपाठन सुरु गर्न लागेको कानुन सङ्कायतर्फ बीए एलएलबीमा अहिले विद्यार्थीहरूको नाम दर्ता भइरहेको र आउँदो मङ्सिर ४ गतेदेखि पठनपाठन सञ्चालन हुने विश्वविद्यालय प्रशासनले जनाएको छ।

'कानुन सङ्कायतर्फ बीए एलएलबीमा भर्ना हुने विद्यार्थीको छनोट प्रवेश परीक्षा (इन्ट्रान्स)माध्यमबाट गरिएको र इन्ट्रान्सबाट छनोट भएका विद्यार्थीको यही असोज १५ गतेसम्म नाम दर्ता हुन्छ', मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भने, 'त्यसपछि हिन्दू धर्मावलम्बीहरूको चाडपर्व नै सुरु हुन्छ, त्यसैले छठपर्वपछि कक्षा सञ्चालन हुनेछ।' अहिलेसम्म ७०-८० विद्यार्थीले नाम दर्ता गराइसकेको उनको भनाइ छ। विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ। उनका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा सी प्लस अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ।

मधेस विश्वविद्यालयलाई कानुन सङ्कायतर्फ एक सय १०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको छ। पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौं विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौं विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ। गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ। विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ।पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा 'हब'का रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिए।

विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ।

बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको छ भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ। विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाई पारित गरिसकेको छ। रासस


सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना , जनकपुर

बालबालिकाहरुलाई अनिवार्य विधालय पठाऔं
। शिक्षा दिइर असल नागरीक बनाऔं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# मिथिलाञ्चलमा ऐतिहासिक नाच लोप हुन थालेपछि स्थानीय कलाकारहरु विदेश पलायन हुँदै



**शुभनारायण यादव**

**असोज ७ गते, सप्तरी**

मिथिलाञ्चलको इतिहास, संस्कृति तथा लोकगाथासँग जोडिएका ऐतिहासिक तथा प्राचीन लोकनाच दिन प्रतिदिन लोप हुन थालेपछि यहाँका कलाकारहरु पनि विदेश पलायन हुन थालेका छन् ।

इ.वि. सातौं, आठौं शताब्दीदेखि प्रचलनमा रहेका मिथिला क्षेत्रको ऐतिहासिक तथा प्राचीन लोकनाचहरु राजा सहलेस, शितबसन्त, रुनाझुना, जङगली बादशाह, गोपीचन्द कुँवर वृजभान, सुन्दर वनको सुन्दर फूल, अल्लाह रुदल, गुगलीघाट, समाचकेवा, कमलामैया, जयविसहरा, दुलहा दयालसिंहजस्ता नाचहरु लोप हुन थालेका हुन् ।

विगत चार दशकदेखि यस्तो नाच देखाउँदै आएका सप्तरीको साबिक बरही बिरपुर हाल छिन्नमस्ता गाउपालिका वडा न. १ का कलाकार बौयन राय भन्नुहुन्छ "उहिले नाचको राम्रो माग भएकाले २० जना कलाकारलाई भेला गरी एउटा नाच कम्पनी नै बनायौ ।" तर कालान्तरमा नाच लोप हुन थालेपछि कलाकारहरु नै रोजीरोटीका लागि विदेश पलायन हुनुपर्ने अवस्था आएको उनले गुनासो गरे ।

विगत २० वर्ष पहिले नाच देखाएरै वार्षिक रु १० लाख कमाउने गरेको उनको भनाइ छ । तर अहिले वार्षिक रु एक लाख पनि कमाई नहुने गरेको उनले दुखेसो पोखे ।

कलाकार रायको भनाइमा अहिले पाँच प्रतिशतको हाराहारीमा मात्र यस्ता नाच प्रचलनमा छन् । दुई सयभन्दा बढी नाच कम्पनी रहेको मधेस प्रदेशको सप्तरी, सिरहा र धनुषा जिल्लामा अहिले दुई दर्जनको हाराहारीमा मात्र त्यस्ता नाच कम्पनी जसोतसो सञ्चालनमा छन् । यहीकारण २ सय भन्दा बढी कलाकार बेरोजगार भएको उनले जानकारी दिए ।

खासगरी ग्रामीण क्षेत्रमा लोकप्रिय यस्ता नाचहरु लोप हुनुको प्रमुख कारण ऐतिहासिक नाचका सिडीहरु बजारमा छयापछयाप्ती पाउनु पनि हो । अहिले मिथिलाञ्चलका प्राचिन एवं ऐतिहासिक नाच सिडीमा मात्र हेर्न सक्ने अवस्था रहेको स्थानीयबासीहरुको कथन छ ।

कलाको सम्मान नहुनु, राज्यबाट यस्ता नाचको संरक्षण नहुनु, कलाकारलाई प्रोत्साहन नहुनुजस्ता कारणले ऐतिहासिक महत्वका यस्ता नाच लोप भइरहेका छन् । यस्ता नाचहरु लोप हुन थालेपछि यसका कलाकारहरु आर्थिक रुपमा सङकटग्रस्त अवस्थामा पुगेका हुन् ।

मिथिला क्षेत्रसँग जोडिएको पल्लवित र पुष्पित यस प्रकारका नाचको संरक्षण, सम्बर्धन गर्न सरकारले बजेट नै छुट्याउनु पर्ने कलाकारहरुको माग छ ।

साथै मिथिलाञ्चलमा दिन प्रतिदिन लोप हुन लागेका यी यस्ता प्राचिन एवं ऐतिहासिक नाचलाई स्थानीय, प्रदेश सरकार तथा सम्बन्धित निकायले समयमै उचित संरक्षण सम्बर्द्धन गनुपर्ने माग स्थानीय कलाकारहरुले गरेका छन ।

# सवारी दुर्घटना र करेन्टले ६ जनाको ज्यान गयो

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, महेन्द्रनगर**

धनुषा, मिथिला बिहारी नगर पालिका-९ अन्दुपट्टीमा अन्दुपट्टीबाट जनकपुरतर्फ जाँदै गरेको ज.१ क ३०० नम्बरको गोदावरी ईङ्लिस बोर्डिङ स्कुलको बसबाट लडेर बसका सह-चालक जनकपुर उपमहानगरपालिका-१४ बस्ने १७ वर्षीय अमित कुमार यादवको शुक्रबार दिउँसो मृत्यु भएको छ। बसबाट लडेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ।

लमजुङ, बेशीशहर नगरपालिका-३ धुवाँखोलामा गाउँशहरबाट बेशीशहरतर्फ जाँदै गरेको ग.१ ज ७१०१ नम्बरको जिपको ढालाबाट लडेर बेशीशहर नगरपालिका-३ गाउँशहर बस्ने चित्र बहादुर बिकको छोरा ६ वर्षीय उज्वल बिकको शुक्रबार दिउँसो मृत्यु भएको छ। लडेर गम्भीर घाइते भएका उनको लमजुङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

नवलपरासी पश्चिम, सुस्ता गाउँपालिका-३ फेनहरामा युपि ५६ जे ८८४५ नम्बरको मोटर साइकलको ठक्करबाट साईकलयात्री सोही ठाउँ बस्ने ६३ वर्षीय पारम यादवको शुक्रबार राति मृत्यु भएको छ।

गम्भीर घाइते भएका उनको सहिद स्मृति सामुदायिक अस्पताल चौपत्तामा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरि रहेको छ।

**करेन्ट लागेर मृत्यु**

तनहुँ, ब्यास नगरपालिका-११ मुलपानी बस्ने ५२ वर्षीय वीर बहादुर तामाङको करेन्ट लागेर शुक्रबार दिउँसो मृत्यु भएको छ। आफ्नै घरको विजुलीको तार मिलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल दमौलीमा उपचारको क्रममा मृत्यु भएको हो।

सिन्धुपाल्चोक, बलेफी गाउँपालिका-५ बलेफी बजार बस्ने २२ वर्षीय उमेश श्रेष्ठको करेन्ट लागेर शुक्रबार बेलुकी मृत्यु भएको छ। फलामको टेबुल उचाल्ने क्रममा टेबलले मिटरबक्सको तार छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको खाडिचौर सदाबहार अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

सिरहा, नवराजपुर गाउँपालिका-४ बस्ने ३६ वर्षीय हरेराम मण्डलको करेन्ट लागेर शुक्रबार राति मृत्यु भएको छ। सोही ठाउँस्थित आफ्नै धान खेतमा मोटर बाट पानी लगाउने क्रममा तार सर्ट भई करेन्ट लाग्दा उनको मृत्यु भएको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरि रहेको छ।












खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा